नेपाल सरकार
गृह मन्त्रालय

**आज मिति २०७८।०३।०२ मा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकका निर्णयहरु**

**निर्णय नं १:** प्रस्तुत मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०७८ परिमार्जन सहित स्वीकृत गर्ने ।

क) स्वीकृत कार्ययोजना बमोजिम सम्बन्धित सम्पूर्ण निकायहरुले मनसुन पूर्वतयारी र प्रतिकार्यमा आवश्यक सम्पूर्ण स्रोत साधन जनशक्ति र क्रियाकलापलाई समन्वयात्मक र प्रभावकारी रुपमा परिचालन गर्ने।

ख) प्रदेश जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिहरुलाई यस राष्ट्रिय कार्ययोजनाको ढाँचालाई नमुनाको रुपमा लिई आ आफ्नो तहको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना बनाई यथाशिघ्र कार्यान्वयन गर्न निर्देशन दिने ।

ग) प्रत्येक जिल्लामा वाटोको पहुँच भएको ठाउँमा विपद्को घटना भएको ३० मिनेट भित्र सम्वन्धित स्थानमा उद्धारको लागि पुग्ने गरीतीनवटै सुरक्षा निकाय सम्मिलित Dedicated Disaster Response Team (DDRT) गठन गरी परिचालन गर्ने ।

घ) तराईका बाढीको उच्च जोखिममा रहेका जिल्लाहरुमा थप १/१ वटा मोटरबोटको व्यवस्था गर्ने।प्राधिकरणबाट स्वीकृत स्पेसिफिकेशन बमोजिम आवश्यकता अनुसार थप रबर बोट र मोटरबोट आफ्नो कोषबाट जिल्ला विपद् व्यवस्थापन समितिहरुले खरिद गर्ने ।

ङ) देशभरका सबै ७५३ स्थानीय तहहरुका ६,७४३ वटै वडाहरुमा आवश्यकता अनुसारका प्राधिकरणले निर्धारण गरेवमोजिम न्यूनतम उद्दार सामग्री तत्काल प्रयोग गर्न सक्ने अवस्थामा भण्डारण गर्ने व्यवस्था मिलाउने । जसका लागि जिल्ला प्रशासन कार्यालयहरुले स्थानीय तहसँग सामग्री भए नभएको रुजु गरी व्यवस्था गर्न अनुरोध गर्ने ।स्थानीय तहवाट व्यवस्था हुन नसकेको अवस्थामा जिल्ला विपद् व्यवस्थापन कोषमा उपलब्ध रकमवाट प्रति वडा रु २५,००० सम्मका उक्त सामग्री खरिद गरी उपलब्ध गराउने । जिल्ला विपद् व्यवस्थापन कोषलाई आवश्यक रकम केन्द्रिय विपद् व्यवस्थापन कोषवाट उपलब्ध गराउने । त्यस्ता सामग्रीहरुको विवरण bipadportal.gov.np मा प्रविष्ट गर्ने गराउने । यस कार्यको समन्वय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गर्ने ।

गृह मन्त्री

नेपाल सरकार
गृह मन्त्रालय

**निर्णय नं २:** देहायका रणनीति र कार्यविधिहरु स्वीकृत गर्ने

क) विपद् जोखिम वित्तिय व्यवस्थापन रणनीति, २०७८

ख) प्रारम्भिक द्रुत लेखाजोखा कार्यविधि, २०७२को IRA खण्ड(प्रथम संसोधन २०७८)

ग) आगलागीबाट क्षति भएका निजी आवास पुनर्निर्माण सम्बन्धी कार्यविधि, २०७८

घ) Technical Guidelines to Conduct field Investigation of Settlements Affected by Landslides

**निर्णय नं ३:** देहायका कार्यविधि तथा निर्देशिकाहरु थप अध्ययन र छलफल गरी आगामी वैठकमा पेश गर्ने

क) विपद् व्यवस्थापन स्वयंसेवक व्यूरो गठन तथा परिचालन कार्यविधि, २०७८

ख) गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७८

**निर्णय नं ४:**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिद्को मिति २०७७ चैत्र २६ गते बसेको पाँचौ बैठकको निर्णय नम्बर १ ले निर्देशित गरे अनुसार मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि अनुसार खर्च गर्नेगरी रु १० करोड रकम अर्थ मन्त्रालयमा निकासाको लागी अनुरोध गर्ने ।

**निर्णय नं ५:** नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका वडा नं. १ को नेगी भन्ने स्थानमा रहेको ढुङ्गाको जोखिम व्यवस्थापन गर्न जिल्ला विपद् व्यवस्थापन कोषमा रु २५ लाख रकम राष्ट्रिय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

**निर्णय नं ६:** केन्द्रिय विपद् व्यवस्थापन कोषवाट तपशिल वमोजिम खर्च भएको रकमलाई अनुमोदन गर्ने ।

क. जिल्ला प्रशासन कार्यालयहरुलाईभुक्तानी गरेको संलग्न विवरण वमोजिमको १८,४१,६८,७३०.००। (अठार करोड एकचालिस लाख अठसठ्ठि हजार सात सय तीस रुपैंया मात्र ।)

ख. Asian Disaster Reduction Center(ADRC) को सदस्य राष्ट्रको हैसियतले नपालले व्यहोर्नु पर्ने Basic Charge-US$ 200 र GDP-Scaled Surcharge-US$-5200 समेतको रकम SUMITOMO MITSUI BANKING COOPRORATION JAPAN गरेको संलग्न विवरण वमोजिमको भुक्तानी ६,१२,४५६।(अक्षरेपि रु छ लाख वाह्र हजार चार सय छप्पन्न मात्र) ।

गृह मन्त्री